# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## केन्द्रीय कार्यालय

## प्रतिनिधि सभा निर्वाचन २०८२
# दैनिक निर्वाचन अनुगमन प्रतिवेदन

मिति : ०८२ फागुन १९ गते

फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा निर्वाचनका लागि फागुन १८ गते राती १२ बजेबाट निर्वाचनको मौन अवधि सुरु भएको छ । आज मौन अवधिको पहिलो दिन हो । लोकतन्त्रको अभ्यास र मतदाता स्वतन्त्रताको सुनिश्चितताको दृष्टिले यो अवधिको विशेष महत्व छ । मौन अवधिलाई केवल निर्वाचनको औपचारिकता मात्र मान्न सकिँदैन; यो समय मतदातालाई बाह्य दबाब, प्रचार वा राजनीतिक प्रभावबाट मुक्त राखेर स्वतन्त्र निर्णय गर्ने वातावरण प्रदान गर्ने उद्‌देश्यले कायम गरिएको हो । मौन अवधिमा उम्मेदवार, राजनीतिक दल वा तिनका समर्थकहरूले ¥याली, सभा, प्रचार सामग्री वितरण, सामाजिक सञ्जाल प्रचार वा कुनै पनि मत प्रभावकारी गतिविधि गर्न पाउँदैनन् । यसले मतदातालाई अन्तिम क्षणसम्म स्वतन्त्र र विवेकपूर्ण निर्णय लिन अवसर दिन्छ । लोकतन्त्रको शुद्‌ध अभ्यास सुनिश्चित गर्न मौन अवधिको पालन अनिवार्य छ ।

निर्वाचन आयोगले यस अवधिको पालना सम्बन्धी स्पष्ट निर्देशन जारी गरेको छ । आयोगको निर्देशनअनुसार, मौन अवधिको उल्लङ्घन गर्ने उम्मेदवार, राजनीतिक दल वा समर्थकलाई कानुनी कारबाहीको दायरामा ल्याइनेछ। यसका साथै सुरक्षा निकायहरूले मतदान केन्द्र, मतदान मार्ग र सार्वजनिक स्थानमा निगरानी बढाएका छन् ताकि निर्वाचनको वातावरण शान्तिपूर्ण र सुरक्षित रहोस् । यसले मतदातामा सुरक्षा र विश्वासको भावना सिर्जना गर्नेछ ।

मौन अवधिको महत्व केवल औपचारिक कानुनी पक्षमा सीमित छैन । यसले मतदातालाई दबाबविना आफ्नो विचार र प्राथमिकताअनुसार निर्णय लिन अनुमति दिन्छ । यस अवधिमा मतदाताले आफूले रोज्ने उम्मेदवार र राजनीतिक दलको मूल्यांकन गर्ने पर्याप्त समय पाउँछन् । नेपालमा प्रतिनिधिसभा निर्वाचन जनताको अधिकारको प्रयोग र लोकतन्त्रको मजबुतीकरणको अवसर हो । मौन अवधि यस अवसरको महत्वपूर्ण अङ्ग हो । यसले राजनीतिक दल र नेताहरूलाई जिम्मेवार अभ्यासको शिक्षा दिन्छ भने मतदातालाई आफ्नो मत प्रयोगमा स्वतन्त्रता र विवेकको अभ्यास गर्न प्रेरित गर्छ । यस अवधिको पालना नगर्नु केवल कानुनी उल्लङ्घन मात्र होइन, लोकतन्त्रको मूल्य र जनताको अधिकारमा असर पु¥याउने कार्य हो ।

निर्वाचन तयारीका सन्दर्भमा देशभर विभिन्न गतिविधिहरू भए । दुर्गम क्षेत्रमा मतदान केन्द्रहरुमा मतदान कर्मचारी, मतपेटिका लगायतका सामग्रीहरू पुऱ्याउने कार्य आज दिनभर जारी रह्यो । आज देशका विभिन्न स्थानमा फेला परेका शंकास्पद वस्तुहरू सुरक्षाकर्मीले नष्ट पारे । विष्फोटक पदार्थ विष्फोटन हुँदा सर्वसाधारण घाइते भएका समाचारहरु प्रकाशन भए । आज देशका विभिन्न जिल्लामा भएका निर्वाचन गतिविधिसम्बन्धी समाचार यो दैनिक प्रतिवेदनमा समावेश गरेका छौँ ।

## कोशी प्रदेश

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि २८ ओटा निर्वाचन क्षेत्र रहेको कोशी प्रदेशका १४ जिल्लामा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको सम्बन्धित निकायले जनाएका छन् । मोरङमा ६, झापामा पाँच, सुनसरीमा चार र इलाम/उदयपुरमा दुई/दुई निर्वाचन क्षेत्र र बाँकी जिल्लामा एक/एक ओटा क्षेत्र गरी २८ ओटा निर्वाचन क्षेत्रमा निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको प्रदेश निर्वाचन कार्यालय, विराटनगरले जनाएको छ । कोशी प्रदेशमा ३४ लाख ७४ हजार ३ सय १० जना मतदाता छन् । जसमा १७ लाख ४६ हजार ७३ महिला, १८ लाख २८ हजार २ सय १३ पुरुष र २४ जना अन्य मतदाता छन् । इन्सेकका पर्यवेक्षक तथा इन्सेक स्रोत व्यक्तिहरुले जिल्लामा निर्वाचन पूर्वको अवस्थाको अनुगमन गरी पठाउनुभएको सूचनाहरु यस प्रकार छन् ।

### ताप्लेजुङ

**इन्सेक प्रतिनिधि एलिना दियाली**का अनुसार त्रिवेणी गाउँपालिका-३ हाङपाङ पञ्चमीमा फागुन १९ गते भेटिएको शङ्कास्पद वस्तु निस्कृय पारिएको डिएसपी वेदप्रसाद गौतमले बताए । मतदातालाई तर्साउने उद्देश्यले रेडबुलको बट्टामा बिजुलीको तार जोडेर राखिएको शङ्कास्पद वस्तु निश्कृय बनाएको डिएसपी गौतमले बताए । मतदान सम्पन्न नहुञ्जेलसम्मका लागि पूर्वतर्फ भारतको सिक्किम तथा उत्तरतर्फ चीनको तिब्वत नाका बन्द हुने जिल्ला प्रशासनले जनाएको छ । निर्वाचन लक्षित गरी जिल्लामा १८ ओटा एम्बुलेन्स सञ्चालन ल्याउने तयारी गरिएको छ ।

### सङ्खुवासभा

**इन्सेक प्रतिनिधि भविन कार्की**का अनुसार निर्वाचन सम्पन्न नहुञ्जेलसम्मका लागि जिल्लाको किमाथाङ्का नाका सील गरिएको छ ।

### धनकुटा

**इन्सेक प्रतिनिधि ईश्वर थापा**का अनुसार मतगणनाका लागि धनकुटा नगरपालिका-५ स्थित सामुदायिक भवनमा फागुन १९ गते सीसी क्यामेरा जडान, तारजालीको व्यवस्थापनको गरिएको छ ।

**पाँचथर**

**इन्सेक प्रतिनिधि इवारा जबेगु लिम्बु**का अनुसार जिल्लामा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारले बालबालिकाको प्रयोग गरी मौन अवधिमा समेत भोट माग्न भिडियो जारी गरेको इन्सेक निर्वाचन पर्यवेक्षणका क्रममा पाइएको छ । मतगणनाका लागि जिल्ला समन्वय समितिको सिटीमा सीसी क्यामेरा र आवश्यक वत्ती जडानका साथै तारजाली लगाइएको छ । निर्वाचन सम्पन्न नहुञ्जेलसम्मका लागि जिल्लाका सीमा नाका फागुन १८ गते मध्यरातिदेखि बन्द गरिएको प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले बताए ।

**इलाम**

**इन्सेक प्रतिनिधि मनोज अधिकार**का अनुसार मौसममा भएको बदलीका कारण फागुन १९ गते जिल्लामा ५२ ओटा मतदानस्थलमा मतदान केन्द्र निर्माणमा समस्या भएको जिल्ला निर्वाचन अधिकारी देवीचरण फुयलले बताए । १ सय ५२ मतदानस्थलमध्ये ५२ ओटा मतदानस्थलमा मतदान केन्द्र निर्माणमा समस्या भएको फुयलले बताए । निर्वाचन सम्पन्न नहुञ्जेलसम्मका लागि जिल्लाका सीमा क्षेत्रमा सील लगाइएको छ । जिल्लाका दुई ओटै निर्वाचन क्षेत्रको मतगणनाका लागि गणनास्थल तयार पारिएको छ । सीसी क्यामेरा, तारजाली र आवश्यक बत्तीको व्यवस्थापनसहित मतगण्नास्थल तयार पारिएको छ ।

**झापा**

**इन्सेक प्रतिनिधि नरेश खाती**का अनुसार जिल्लामा मौन अवधिमा होहल्ला गरेको आरोपमा अनुसन्धानका लागि १० जनालाई फागुन १८ गते प्रहरीले गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, दमकका डिएसपी किशोर लम्सालले बताए । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि नेपाली सेनाले फागुन १९ गते सुरक्षा गस्तीमा कडाइ गरेको छ । बालेनको पक्षमा र केपी ओलीको विपक्षमा प्लेकार्ड लिएर मत माग्दै हिँडेका भोजपुरको रामप्रसादराई गाउँपालिका-५ स्थायी घर भइ दमकमा बस्दै आएका २७ वर्षीय दीपेन्द्र पाण्डेलाई प्रहरीले फागुन १८ गते अनुसन्धानका लागि गिरफ्तार गरेको छ । निर्वाचन सम्पन्न नहुञ्जेलसम्मका लागि जिल्लाका सबै सीमा क्षेत्रमा सीमा सील गरिएको जिल्ला प्रशासनले जनाएको छ ।

**मोरङ**

**इन्सेक प्रतिनिधि विनोद सुवेदी**का अनुसार विराटनगर महानगरपालिका-७ डाँफे चोकस्थित जिल्ला प्रशासन कार्यालय नजिकै राखिएको बम जस्तो देखिने शङ्कास्पद वस्तु फागुन १९ गते नेपाली सेनाले निश्कृय पारेको छ । निर्वाचन सम्पन्न नहुञ्जेलसम्मका लागि रानी नाका बन्द गरिएको छ । जिल्लाका ६ ओटै निर्वाचन क्षेत्रका मतदानस्थलमा निर्वाचन सामग्रीसहित कर्मचारी पुगेको जिल्ला निर्वाचन अधिकारी चोलाराज दङ्गालले बताए ।

**सुनसरी**

**इन्सेक प्रतिनिधि जयकृष्ण यादव**का अनुसार निर्वाचनका बारेमा सामाजिक सञ्जालमा अफवाह फैलाएको आरोपमा प्रहरीले इनरुवा नगरपालिका-३ का २७ वर्षीय रामचन्द्र ठाकुरलाई फागुन १९ गते अनुसन्धानका लागि गिरफ्तार गरेको छ ।

## मधेश प्रदेश

**रौतहट**

**इन्सेक प्रतिनिध गौरी न्यौपाने**का अनुसार प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ रौतहटका स्वतन्त्र उम्मेदवार प्रभा सिंहमाथि ०८२ फागुन १८ गते साँझ गौर नगरपालिका- ३ स्थित बीपीचोकमा नेकपा एमालेका कार्यकर्ताले आक्रमण गरेका छन् । चुनावी प्रचारप्रसारको अन्तिम दिन प्रचारप्रसार गर्दै गर्दा नेकपा एमालेका कार्यकर्ताले आक्रमण गरेको सिंहले बताउनु भयो । आक्रमणबाट घाइते  प्रभा सिंहको प्रादेशिक अस्पताल गौरमा उपचार भयो । उनको टाउकोमा चोट लागेको छ भने हात भाँचिएको छ । जिल्ला प्रहरी कार्यालयका डिएसपी विष्णु प्रदीप बस्यालले आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको बताउनुभयो ।

आमजनता पार्टीका समानुपातिक उम्मेदवार लालबाबु मन्सुरीमाथि रौतहट क्षेत्र नं ३ स्थित गुजरा नगरपालिका -६ बेदौउली गाउँमा चुनावी प्रचार प्रसारको क्रममा ०८२ फागुन १९ आक्रमण भएको छ । आक्रमणबाट घाइते मन्सुरीको पिन्स अस्पताल चन्द्रनिगाहपुरमा उपचार भयो । उनको नाकको हड्डी भाँचिएको छ । आक्रमण गर्नेहरूमा जसपा र रास्वपाका स्थानीय कार्यकर्ता रहेको उम्मेदवार मन्सुरीको भनाइ छ । मन्सुरीका अनुसार बेदौली गाउँमा घरदैलो कार्यक्रम गरिरहेका  समय एक समूह आएर विवाद गर्न खोजे । सम्झाउन खोज्दा एक्कासी आफूमाथि लाठी प्रहार गरेका थिए । जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उदेश्यले रौतहट जिल्लामा नेपाली सेनाको नारायणदल गणले सुरक्षा व्यवस्था कडा गर्दै हवाई गस्ती सञ्चालन गरेको छ ।जिल्लाभर शान्ति-सुरक्षा सुदृढ बनाउन नेपाली सेनाले मतदान स्थलहरूमा सुरक्षा गस्ती र निगरानीलाई तीव्र बनाएको गणका कर्नेल बिश्वास बिस्टले  जानकारी दिनुभयो। फागुन २१ गते हुने निर्वाचनलाई भयरहित, शान्तिपूर्ण र निष्पक्ष वातावरणमा सम्पन्न गराउने तयारीसहित जिल्लाका संवेदनशील क्षेत्रहरूमा बख्तरबन्दसहित सुरक्षा परिचालन गरिएको बिस्टले बताउनु भयो ।

**धनुषा**

**इन्सेक प्रतिनिधि सन्तोषकुमार यादव**का अनुसार मिथिला नगरपालिका-९ बडहरीस्थित पुलमाथि राखिएको शंकास्पद वस्तु विष्फोट हुँदा मिथिला नगरपालिका -८ जमुनीबासकी १५ वर्षीया

बालिका आशा भुजेल र अठ वर्षीय बालक सुशील माझी घाइते भएको प्रहरीले बताएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी गणेशबहादुर बमका अनुसार विष्फोटमा घाइतेहरुको अवस्था सामान्य रहेको छ । घटना सम्बन्धमा छानविन सुरु गरेको डिएसपी बलले जानकारी दिनुभयो ।

धनुषा क्षेत्र नं १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को तर्फबाट उम्मेदवार किशोरी साहको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरेको आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनु भएको छ । साहविरुद्ध परेको उजुरीको आधारमा अनुसन्धान पश्चात बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा रहेको प्रमाण पुष्टि भएपछि उनको उम्मेदवारी खारेज भएको हो। कर्जा सूचना केन्द्रको अद्यावधिक विवरण अनुसार कमल निर्माण सेवा प्रालिका शेयरधनी रहेका उम्मेदवार साहको नाम २०८० मा समेत कालोसूचीमा रहेको थियो । विभिन्न मितिमा उनको नाम एकल र संयुक्त रुपमा समेत चेक बाउन्ससम्बन्धी कालो सूचीमा परेका तथ्य विवरणमा उल्लेख रहेको भण्डारीले बताउनु भयो ।

निर्वाचन आयोग नेपालले २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि फागुन १८ गते राति १२ बजेदेखि मौन अवधि लागू गरेको छ। आयोगद्वारा जारी निर्वाचन आचारसंहिता अनुसार मौन अवधिमा उम्मेदवार, राजनीतिक दल तथा तिनका प्रतिनिधिले कुनै पनि प्रकारको प्रचारप्रसार, घरदैलो, सभा-जुलुस, मत माग्ने वा मतदातालाई प्रभाव पार्ने गतिविधि गर्न नपाउने व्यवस्था छ। मौन अवधि सुरु भइसकेपछि पनि मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोसहित नेपाली कांग्रेसका कार्यकर्ताहरूले फागुन १९ गते बिहान करिब ११ बजे मिथिला नगरपालिका-२ नक्टाझीज क्षेत्रमा घरदैलो कार्यक्रम गरेको पाइएको छ। उक्त कार्यक्रममा धनुषा निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार महेन्द्र यादवको पक्षमा मत मागिएको स्थानीय स्रोतले जनाएको छ।

फागुन २१ गते हुने आसन्न प्रतिनिधि निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित बातावरणमा सम्पन्न गराउन भइ रहेको निर्वाचन पूर्व तयारीका सन्दर्भमा धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीसँग इन्सेकका पर्यवेक्षक टोलीले ०८२ फागुन १८ गते भेटघाट गरेको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश संयोजक राजु पासवानसहित ममता बिश्वकर्मा , अमित मिश्र , बलराम साह , पुरुषोत्तम यादव तथा विनोद महरा सम्मिलित निर्वाचन पर्यवेक्षक टालीले सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन आचारसंहिता अनुगमन समितिका संयोजक कृष्ण गैरसँग भेटघाट गरी निर्वाचन पूर्व तयारीबारे छलफल गरेको हो ।

कुराकानीको क्रममा गैरेले निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय रूपमा सम्पन्न गराउने उदेश्यले जिल्लामा रहेका ३ सय २२ मतदानस्थलमा निर्वाचनलाई लक्षित गरी तयारी भइ रहेको बताउनु भयो । जसमध्ये १ सय ९४ अति अतिसंवेदशनशील, १ सय ६ वटा संवेदशनशील र २२ वटा सामान्य सूचीमा वर्गीकरण गरिएको उहाँले जानकारी दिनु भयो ।

उहाँले जिल्लामा मतदान केन्द्रको सङ्ख्या ६४५ रहेको धनुषा जिल्लामा खुल्ला सीमा नाका, बढी मतदाता, विगतका निर्वाचनमा मतदानको वर्षमा भएको विभिन्न किसिमको उत्पन्न समस्याका कारण मतदानस्थलहरुको वर्गीकरण गरिएको भन्दै १ सय ९४ अति अतिसंवेदशनशील मतदानस्थलमा भने विशेष निगरानीका साथ तयारी सम्पन्न गरीने बताउनु भयो । प्रशासनका सम्पुर्ण काम स्थगित गरी निर्वाचनमै मात्र केन्द्रित भएर तयारीमा सबै कर्मचारी जुटिरहेको भन्नु भयो ।

एक मतदान केन्द्रमा १० देखि १२ जना सुरक्षाकर्मी परिचालन गरिने उहाँले बताउँदै मतदानस्थल र मतदाताको शान्ति सुरक्षा नै प्राथमिकता रहेको हुँदा मानवअधिकारकर्मी र पर्यवेक्षकले समेत यसमा विशेष रुपमा समन्वय गरीदिन सुझाव दिनुभयो ।

**महोत्तरी**

**इन्सेक मधेश प्रदेश कार्यालय**का अनुसार फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि महोत्तरी जिल्लाभर मतदान केन्द्र व्यवस्थापनको क्रममा ३७ ओटा मतदान केन्द्र थप भएको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि जिल्लामा यसअघि ४ सय ९९ वटा मतदान केन्द्र रहेकामा ३७ थप गरी ५ सय ३६ पुऱ्याइएको हो । निर्वाचन क्षेत्र नम्बर १ मा ५९ ओटा मतदान स्थल र १ सय ३० मतदान केन्द्र कायम गरिएका छन्। त्यसैगरी निर्वाचन क्षेत्र नम्बर २ मा ६२ मतदान स्थल र १ सय ३३ मतदान केन्द्र तोकिएका छन्। निर्वाचन क्षेत्र नम्बर ३ मा ७७ मतदान स्थल र १ सय ४२ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर ४ मा ६० मतदान स्थल र १ सय ३१ मतदान केन्द्र कायम गरिएको झाले जानकारी दिनु भयो । महोत्तरीमा २ सय ५८ वटा मतदान स्थल तोकिएका छन् भने प्रतिनिधि सभा सदस्य निर्वाचनमा ४ लाख ३१ हजार २ सय ८२ जना मतदाताले मतदान गर्नेछन्। जिल्लामा २१ जना कैदिबन्दि र १ हजार २ सय ८८ कर्मचारीसहित कुल १ हजार ३ सय ९ जना अस्थायी मतदाता रहेको झाले बताउनु भयो ।

त्यसैगरी बर्दिवासस्थित रातो पुलमाथि बेवारिसे अवस्थामा राखिएको शंकास्पद बस्तु विस्फोट हुँदा कैलाली जिल्ला घोडाघोडी नगरपालिका-१० का २५ वर्षीय सन्देश चौधरी र २२ वर्षीय समीर चौधरी सामान्य घाइते भएका छन्।

पुलमाथि दुई ओटा शंकास्पद वस्तु राखिएको देखेपछि आफूले चलाउन रोज्दा एक ठाँउमा विष्फोट भएपछि प्रहरीलाई खबर गरेको घाइतेहरुले बताए ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी शैलेन्दै भट्टका अनुसार शंकास्पद वस्तु नेपाली सेनाको बम डिस्पोजल टोली पुगेर निष्क्रिय गरेको छ।

**सप्तरी**

**इन्सेक प्रतिनिधि नविन कुमार यादव**का अनुसार फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मौन अवधिका लागू भइसकेको अवस्थमा फागुन १९ गते डाक्नेश्वरी नगरपालिका-५ पातो बजारस्थित डाक्नेश्वरी मन्दिर परिसरमा राजनीतिक गतिविधि भएको पाइएको छ ।

सप्तरी निर्वाचन क्षेत्र नं. ४ का जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार डा. बबि सिंह मधेस प्रदेश ०६-००१ च ००५ नम्बरको स्कर्पियो गाडीमा मन्दिर पुगेर जसपा नगर कमिटी अध्यक्ष ओम प्रकाश यादव, मधेस प्रदेशका पूर्व प्रदेशसभा सदस्य बिन्देश्वर यादवलगायत करिब पाँच जना कार्यकर्तासँग राजनीतिक छलफल गरेको इन्सेक जिल्ला प्रतिनिधि नविन यादवले अनुगमनका क्रममा भेटिएको बताउनु भयो ।

उम्मेदवार सिंहले शम्भुनाथ नगरपालिका-अर्नाहा तर्फ फर्किने क्रममा बाटोमा गाडी रोकी करिब ४५ वर्षीया एक महिलालाई जसपा नेपालको चुनाव चिन्ह अंकित गुलाबी रङ्गको छाता वितरण गरेको पाइएको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम जारी निर्वाचन आचारसंहिताको परिच्छेद १ को दफा १७ (क) मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारको प्रचारप्रसार, छलफल, अन्तरक्रिया, सभा-सम्मेलन तथा चुनावी सामग्री वितरण गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ।

यसरी मौन अवधिमा राजनीतिक छलफल तथा चुनाव चिन्ह अंकित सामग्री वितरण गरिएको विषयलाई आचारसंहिता विपरीत कार्यका रूपमा उल्लेख गरीएको छ ।

**सर्लाही**

**इन्सेक प्रतिनिधि बुधन साह**का अनुसार पर्सा गाउँपालिका-४ जिगडवा आधारभूत विद्यालयस्थित मतदान केन्द्रका मतदान अधिकृत ४२ वर्षीय रघुनाथ महतोको ड्युटीमै रहँदा बेहोस भएपछि उपचारका क्रममा मृत्यु भएको छ । ०८२ फागुन १९ गते दिउँसो करिब २ बजेतिर मतदान केन्द्रमै अचानक बेहोस भएपछि उनलाई तत्काल प्रादेशिक अस्पताल मलंगवामा पुऱ्याइए पनि चिकित्सकले करिब २:३० बजे मृत घोषणा गरेको प्रहरीले जानकारी दियो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपि सुरेन्द्र राईका अनुसार रौतहटको माधवनारायण नगरपालिका-६ घर भएका महतो बरहथवा नगरपालिका-५ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा सिनियर अहेव पदमा कार्यरत थिए ।

## बागमती प्रदेश

**ललितपुर**

**इन्सेक प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार गस्तीमा खटिएको प्रहरीमाथि आक्रमण र ढुंगामुढा गरेको अभियोगमा चारजनालाई प्रहरीले हवाई फायर गरी गिरफ्तार गरेको छ । प्रहरी

चौकी लुभुबाट खटिएको प्रहरीमाथि महालक्ष्मी नगरपालिका- ७, चाँगाथली क्षेत्रमा ०८२ फागुन १८ गते बेलुका पौने ११ बजे आक्रमण भएको जिल्ला प्रहरी परिसर जावलाखेलका एसपी एवम् सूचना अधिकारी गौतम मिश्रले जानकारी दिनुभयो । आत्मरक्षाको लागि प्रहरीले एक राउन्ड हवाई फायर गरी स्थितिलाई नियन्त्रणमा लिई थप टोली परिचालन गरी घटनामा संलग्न रहेका व्यक्तिहरूलाई गिरफ्तार गरी उत्तेजना रिसको आवेशमा आई कुटपिट गरेको सम्वन्धी कसुरमा ललितपुर जिल्ला अदालतबाट आठ दिन थुनामा राख्ने म्याद लिइएको प्रहरीले जनाएको छ । घाइते प्रहरी कर्मचारीको किस्ट अस्पताल इमाडोलमा उपचार भइरहेको एसपी मिश्रले बताउनु भयो ।

गिरफ्तार गरिएकाहरूमा मकवानपुरको मकवानपुरगढी घर भई ललितपुर बस्ने बुद्ध तामाङ, सल्यान घर भई भक्तपुर बस्ने रमेश शाही, सल्यान घर भई भक्तपुर बस्ने शंकर शाही र रुकुम घर भई भक्तपुर बस्ने राजु मगर रहेका छन् ।

त्यसै गरी ०८२ फागुन १७ गते ललितपुर महानगरपालिका, झम्सिखेलको द ग्रोभ रेस्टुरेन्टअगाडि डिउटीमा खटिएका प्रहरीलाई मदिराको नशामा झैझगडा गरी प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा प्रहरीले आठजनालाई गिरफ्तार जनाएको छ ।

आरोपित बिरुद्ध ललितपुर जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको र घटनाबाट घाइते भएका प्रहरी कर्मचारीको अल्का अस्पताल जावलाखेलमा उपचार भइरहेको अस्पताल श्रोतले जानकारी दिएको छ ।

**काभ्रे**

**इन्सेक प्रतिनिधि सुमित्रा आचार्य**का अनुसार काभ्रेपलाञ्चोकका पाँच जना उम्मेदवारले बैंक खाता नखोलेको र खाता खोलेका १८ उम्मेदवारले पनि निर्वाचन कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा खाता नम्बर बुझाएका छैनन् ।

जिल्लाका दुई वटा निर्वाचन क्षेत्रमा ४२ उम्मेदवार छन् । जसमध्ये नेपाल मजदुर किसान पार्टीले दलको खाता मार्फत देशभरका १ सय ६५ ओटै निर्वाचन क्षेत्रमा खर्च गर्ने जानकारी गराएको छ ।

बैंक खाता खोलेर मात्रै बैङ्किङ कारोबारबाट मात्रै आफ्नो खर्च गर्न निर्वाचन आयोगले अनुरोध गरेतापनि जनता समाजवादी पार्टी नेपालका मानबहादुर तामाङ र रकम लामा तामाङ, स्वतन्त्र उम्मेदवार युवराज चौलागाई, गणेशप्रसाद अधिकारी र लेनिन विष्टले बैंक खाता खोलेका छैनन् ।

निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि जारी गरेको निर्वाचन आचारसंहिताको दफा १६ बमोजिम निर्वाचनको खर्चसम्बन्धी आचरणको व्यवस्था छ । सो बमोजिम उम्मेदवारहरुले आफ्नो अनुमानित निर्वाचन खर्च र त्यसको स्रोत समेत

खुलेको व्यहोरा उम्मेदवारी दर्ता गर्दा नै पेश गर्नुपर्ने र सो बमोजिम आफ्नो खर्च सञ्चालन गर्नको लागि बैंकमा छुट्टै खाता खोल्नुपर्ने, खाता सञ्चालनको लागि छुट्टै पदाधिकारी तोकिनुपर्ने साथै खातामा आएका सबै रकमहरुको बिल भरपाई र खर्च भएको रकमको पनि बिल भरपाई राख्नुपर्ने व्यवस्था छ ।

त्यस्तै राजनीतिक दल, उम्मेदवारहरुले गरेको खर्च र खर्चको स्रोत तथा सार्वजनिक सम्पतीको प्रयोग भए वा नभएको विषयमा जानकारी संकलन गर्ने र उम्मेद्ववारहरुले पेश गरेको विवरणलाई पनि अनुगमन गर्नेगरी निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । यसरी निर्वाचन खर्चलाई पारदर्शी रुपमा सञ्चालन गर्ने व्यवस्था आयोगले गरेको छ ।

**सिन्धुपाल्चोक**

**इन्सेक प्रतिनिधि नातिबाबु धितालका** अनुसार चौतारा सागाचोकगढी नगरपालिकाका मेयर कृष्णप्रसाद सापकोटले निर्वाचनको मौन अवधीको समयमा चौतारा सागाचोकगढी नगरपालिका-८ कदमबासमा ०८२ फागुन १९ गते दिउँसो स्थानीय सामुदायिक भवनमा स्थानीय बासिन्दाहरुलाई जम्मा गरेर तारा चिन्हमा भोट दिनु म चुनाव पछाडी योजनाको लागि नगरपालिकाबाट बजेट दिन्छु भन्दै निर्वाचन आचारसंहिता २०८२ को दफा १७ (क) र (ग) उल्लङ्घन गरेका छन् ।

निर्वाचन आचारसंहिता २०८२ को दफा १७ (क) मा निर्वाचन प्रचार प्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने उल्लेख छ । त्यसैगरी (ग) मा कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने उल्लेख छ । तर चौतारा नगरपालिकाका मेयर सापकोटाले स्थानीय मतदाताहरुलाई जम्मा गरी विकासको लागि बजेट दिन्छु भन्दै भोट मागेका छन् ।

घटनास्थलमा पुगेर पत्रकार सुरज खड्काले भिडियो लाइभ गरेपछि मेयर घटनास्थलबाट फरार भएको पत्रकार खड्काले बताउनुभयो । साथै जिल्ला निर्वाचन कार्यालयमा पत्रकार सुरज खड्काले मौखिक उजुरी गरेको समेत उहाँले बताउनुभयो ।

सिन्धुपाल्चोक क्षेत्र नं. १ बाट मेयर सापकोटाका सहोदर भतिजा माधव सापकोटा नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार भएकाले मेयर सापकोटाले मतदाताहरुलाई बजेट दिन्छु भन्दै मत प्रभावित गर्न खोजेको बताइन्छ ।

**काठमाडौँ**

**इन्सेक बागमती प्रदेश कार्यालयका** अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन विरुद्ध गतिविधि गरेको आरोपमा प्रहरीले ७६ जनालाई गिरफ्तार गरी प्रहरी हिरासतमा राखेको छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंसहित ६ ओटा समूह अहिले निर्वाचन बिथोल्न सक्रिय रहेको प्रहरीको विश्लेषण छ । प्रसाईं सहित निर्वाचन बिथोल्ने गतिविधिमा संलग्न ७६ जनालाई गिरफ्तार गरिएको प्रहरी प्रवक्ता (डीआईजी) अविनारायण काफ्लेले बताए ।

प्रहरीले निर्वाचन विरोधी गतिविधिमा संलग्न १ सय ४२ जनालाई गिरफ्तार गरिएकोमा अदालतको आदेशले ६६ जना रिहा भइसकेका छन् । फागुन १८ गते नौ जनालाई गिरफ्तार गरिएको डीआईजी काफ्लेले बताए । प्रसाईं समूह, धर्मेन्द्र बास्तोला नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (बहुमत), आहुति नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी, मङ्गोल नेशनल अर्गनाइजेशन र पहिचानको आन्दोलनमा सक्रिय समूहले निर्वाचन विरोधी गतिविधि गरिरहेको प्रहरीको विश्लेषण छ । बहुमतका महासचिव धर्मेन्द्र बास्तोला गिरफ्तार पछि रिहा भइसकेका छन् ।

सामाजिक सञ्जालमार्फत अफवाह, भ्रम फैलाएको, निर्वाचन विरोधी काम गरेको, आचार संहिता उल्लङ्घन गरेको लगायतका घटनामा संलग्न भएको आरोपमा प्रहरी प्रधान कार्यालयमा रहेको केन्द्रीय निर्वाचन सेलले ३२ जनालाई गिरफ्तार गरेको छ । केन्द्रीय निर्वाचन सेल अन्तर्गत साइबर सेलहरुले मधेश प्रदेशबाट चार जना, बागमतीबाट चार, गण्डकी प्रदेशबाट एक, लुम्बिनी प्रदेशबाट चार, कर्णाली प्रदेशबाट दुई जना, सुदूरपश्चिम प्रदेशबाट एक जना र काठमाडौं उपत्यकाबाट १६ जना गरी ३२ जनालाई गिरफ्तार गरेको केन्द्रीय प्रवक्ता तथा डीआईजी अबि नारायण काफ्लेले बताउनु भयो । गिरफ्तार गरिएका मध्ये १७ जना रिहा भएका छन् भने १५ जनालाई हिरासतमै राखेर अनुसन्धान अघि बढाइएको छ ।

महाराजगञ्ज र नैकापमा दुई ओटा चार पाङ्ग्रे सवारी साधनमा आगजनी गरेको आरोपमा प्रहरीले ०८२ फागुन १९ गते दुई जनालाई गिरफ्तार गरेको छ । गिरफ्तार गरिएकाहरुमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका घर भइ चन्द्रागिरी नगरपालिका-६ बस्ने २८ वर्षीय सुमन बोहरा र चन्द्रागिरि-६ नै स्थायी ठेगाना भएका ५५ वर्षीय कृष्ण मिजार रहेका छन् । अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काका अनुसार उनीहरूलाई चन्द्रागिरिबाट गिरफ्तार गरिएको हो । उनका अनुसार पक्राउ परेका दुवै जना दुर्गा प्रसाईं समूहकै कार्यकर्ता हुन् । उनीहरुले काठमाडौँको नैकापमा सिप्रदी ट्रेडिङ्गको कार्यालय नजिकै बि एए २८३६ नम्बरको टोयोटा कार र महाराजगन्जमा बा ७ च १४०१ नम्बरको मारुती भ्यान आगजनी गरेका थिए। घटनास्थलमा मेडिकल व्यवसायी दुर्गा प्रसाईँ समूहको पर्चा भेटिएको र घटना बारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईले बताउनु भयो।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदैन भनी अभिव्यक्ति दिएको आरोपमा प्रहरीले ज्योतिष रुद्रनाथ अधिकारीलाई ०८२ फागुन १८ गते चन्द्रागिरीबाट गिरफ्तार गरेको छ। ज्योतिष अधिकारीले २१ फागुनमा अनिष्ट छ, चुनाव हुँदैन भन्दै अफवाह फैलाएको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले गिरफ्तार गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताउनु भयो ।

**रसुवा**

**इन्सेक प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार ०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रसुवा कारागारका २७ जना कैदीबन्दीले मतदान गर्ने भएका छन् । स्थायी मतदाता नामावलीमा नाम समावेश भएकी एक महिला सहित २७ जनाले निर्वाचनमा समानुपातिकतर्फको मतदान गर्न पाउने जेलर कैलास देवकोटाले बताउनु भयो । जिल्ला सदरमुकाम स्थित कारागारमा हाल ८७  जना कैदीबन्दी छन् ।

## गण्डकी प्रदेश

**कास्की**

**इन्सेक प्रतिनिधि सञ्जय रानाभाट**का अनुसार जिल्लाका मतदान केन्द्रहरूमा मतपत्र, मतपेटिका, धागो, सियो, स्ट्याम्प प्याड, मसी, सील र अन्य आवश्यक सामग्री वितरण गरी अन्तिम तयारी पूरा गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मतदान अधिकृतहरूलाई निर्देशिका र चेकलिस्टका आधारमा कार्यभार सम्हाल्न तालिम दिइएको छ । जिल्लाका १ सय ५३ मतदान स्थल र ३ सय ६३ मतदान केन्द्रमा २ हजार १ सय ८४ कर्मचारी र १ हजार ९२ स्वयंसेवक परिचालित गरिएको छ । सुरक्षा सुनिश्चित गर्न १ हजार ५७ नेपाल प्रहरी, २ हजार ८० निर्वाचन प्रहरी र १२ मोबाइल गस्ती टोली परिचालन गरिएको छ, साथै अस्पताल, एम्बुलेन्स र दमकल सेवा तयारी अवस्थामा राखिएका छन् । मतदान स्थल वरिपरि मादकपदार्थ सेवन निषेध, उम्मेदवारको प्रचार सामग्री हटाउने र सर्वदलीय बैठकमार्फत सहमति जुटाएर मतदान स्थल निर्माणको अन्तिम कार्य सम्पन्न गरिएको छ ।

पोखरा महानगरपालिका-६ लेकसाइडस्थित ४१ नम्बर स्ट्रिटभित्र शंकास्पद वस्तु फेला परेको थियो । लेकसाइडस्थित एक पसल छेउमा ०८२ फागुन १८ गते शंकास्पद वस्तुको रुपमा झोला फेला परेपछि नेपाली सेनाको बम डिस्पोजल टोली घटनास्थलमा पुगेको थियो । तर झोलामा कुनै शंकास्पद वस्तु भेटिएन । झोलामा भेटिएको एक पत्रानुसार, उक्त झोला मतदान अधिकृतको रहेको खुलेको छ । उनी सोहीस्थान नजिकको तालवाराही मावि मतदान केन्द्र 'ख' मा खटिएका अधिकृत भएको कास्की प्रहरीले जनाएको छ ।

**गोरखाका**

**इन्सेक प्रतिनिधि हरिराम उप्रेति**का अनुसार जिल्लाका सबै मतदान केन्द्रमा मतदान अधिकृत, कर्मचारी तथा सुरक्षाकर्मी पुगेका छन् । दुर्गमको चुमनुव्री क्षेत्रका कर्मचारीलाई चार दिन अघि नै खटाइएको थियो । फागुन १९ गतेसम्म सबै मतदान केन्द्रमा कर्मचारीहरु पुगिसकेको जिल्ला निर्वाचन कार्यालय गोरखाका निर्वाचन अधिकारी टेकबहादुर कोइरालाले जानकारी दिनुभयो ।

शहिद लखन गाउँपालिका-८ मैलुङमा फागुन १६ गते राती शंकास्पद वस्तु भेटिएको थियो । उक्त शंकास्पद वस्तु कुकर नेपाली सेनाको बम डिस्पोज टोलिले डिस्पोज गरेको प्रहरीले जनाएको

छ । घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी राजकुमार श्रेष्ठले बताउनुभयो ।

त्यस्तै सिरानचोक गाउँपालिका-२ थालाजुङ स्थित झिम्रेक महिपते मावि मतदान केन्द्र नजिकै फागुन १५ गते ब्याट्रीमा तारजडित शंकास्पद वस्तु भेटिएको थियो । ०८२ फागुन १५ गते ब्याट्रिमा तार जडित शंकास्पद वस्तु भेटिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । नेपाली सेनाको रुद्रध्वज गणले शंकास्पद वस्तु डिस्पोज गरेको हो । टेपले बेरेको अवस्थामा शंकास्पद वस्तु भेटिएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी राजकुमार श्रेष्ठले बताउनुभयो । घटनाको अनुसन्धान भइरहेको श्रेष्ठले जानकारी दिनुभयो ।

**मुस्ताङ**

**इन्सेक प्रतिनिध अमृतप्रसाद पौडेल**का अनुसार प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै फागुन १८ गते मध्यरात १२ बजेदेखि चीनसँग सीमा जोडिएको कोरला नाका बन्द गरिएको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो । लोमान्थाङ गाउँपालिकामा रहेको नेपाल-चीन कोरला नाका फागुन १८ गते राति १२ देखि २१ गते राति १२ बजेसम्म बन्द गरिएको हो ।

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मौन अवधिका लागू भइसकेको अवस्थामा फागुन १९ गते मुस्ताङको लोघेकर दामोदर कुण्ड गाउँपालिकाको चराङ क्षेत्रमा राजनीतिक गतिविधि भएको पाइएको छ । चुनावलाई प्रभावित पार्नको लागि पैसा बाँड्न हिँडेको आरोपमा मुस्ताङको लोमन्थाङ गाउँपालिका- ५ का पूर्व वडा अध्यक्ष नवाङकुङ्गा लामाको ग१च ६५२४ नम्बरको गाडी सशस्त्र प्रहरीबलले नियन्त्रणमा लिएको छ ।लोघेकर दामोदर कुण्ड गाउँपालिकाको चराङ क्षेत्रमा मत प्रभावित पार्ने ध्येयले बाँढ्न लैजादै गरेको ५ लाख रुपियाँ र नेपाली कांग्रेसका दस्तावेज सहित गाडि नियन्त्रणमा लिएको जिल्ला सुरक्षा समिति संयोजक एवम् प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो । मौन अवधिमा चराङ हुँदै लोमन्थाङ तर्फ जाँदै गरेको उक्त गाडी शंका लागेर खानतलासी गर्दा नगद तथा कांग्रेसको झण्डा तथा पैसा दिने व्यक्तिहरुको नामावली समेत भेटिएको सुरक्षा निकायले जनाएको छ । स्थानीय राजनीतिक दलका प्रतिनिधिको रोहवरमा गाडी खान तलासी गर्दा पैसा भेटिएपछि गाडीमा सवार कांग्रेस कार्यकर्ताहरु भने भागेको स्थानीयको भनाइ छ ।

**बागलुङ**

**इन्सेक प्रतिनिध अमृतप्रसाद पौडेल**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मतगणनाका लागि बागलुङमा मतगणनास्थल तयार पारिएको छ । बागलुङको निर्वाचन क्षेत्र नं. १ को गणनाका लागि जिल्ला समन्वय समिति बागलुङमा र निर्वाचन क्षेत्र नं. २ का लागि ढोरपाटन नगरपालिका-२ बुर्तिबाङस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयको सभाहलमा मतगणनास्थल निर्माण गरिएको हो । मतगणनाका क्रममा हुन सक्ने सुरक्षा चुनौतीलाई ध्यान

दिँदै तारजाली र सीसी क्यामरा जडान गरिएको मुख्य निर्वाचन अधिकृत डा. सीता शर्मा अधिकारीले जानकारी दिनुभयो । मतपेटिका राख्ने र मतगणना गर्ने कोठामा ध्वनिसहितको भिडियो रेकर्ड गर्ने गरी सीसी क्यामरा जडान गरिएको छ । मतगणनास्थलमा उम्मेदवार र तिनका प्रतिनिधिका लागि तारजालीभन्दा बाहिर बस्ने व्यवस्था मिलाइएको छ । उम्मेदवारका प्रतिनिधिले फलामे तारजाली बाहिरैबाट मतगणनाको अवलोकन गर्नुपर्नेछ भने जालीभित्र मतगणक मात्र बस्न पाउने छन् । यसैगरी, क्षेत्र नं. २ को बुर्तिबाङमा पनि तारजालीसहितको मतगणनास्थलको सम्पूर्ण तयारी पूरा भएको छ । मतदान सम्पन्न भएपछि सबै मतपेटिका संकलन गरी सर्वदलीय बैठक बसेर मात्र गणना सुरु गरिने निर्वाचन कार्यालयले जनाएको छ ।

**स्याङ्जा**

**इन्सेक प्रतिनिध अमृतप्रसाद पौडेल**का अनुसार दुई वटा निर्वाचन क्षेत्र रहेको स्याङ्जामा फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनाका लागि तारजाली लगाएर मतगणना स्थल तयार पारिएको छ । जिल्ला निर्वाचन क्षेत्र नं.१ को मतगणनाको लागि जिल्ला समन्वय समिति स्याङ्जाको सभाहलमा मतगणनास्थलमा तारजाली लगाउने र आवश्यक अन्य तयारीको काम पूरा भएको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो । क्षेत्र नं. २ को लागि वालिङ नगरपालिकाको सभाहलमा दुई वटा मतगणनास्थल तयार पारिएको छ । तारजाली भित्र कर्मचारीहरुले मतगणना गरेको स्पष्ट देख्ने गरी व्यवस्था मिलाइएको क्षेत्र नं. २ का निर्वाचन अधिकृत ऋषि पौडेलले जानकारी दिनुभयो ।

**म्याग्दी**

**इन्सेक प्रतिनिध अमृतप्रसाद पौडेल**का अनुसार बेनीमा मतगणना स्थल तयार पारिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्ला समन्वय समितिको सभाहलमा तारजाली लगाएर मतगणना स्थल तयार पारेको हो । मतगणना स्थललाई तारजाली, सिसी टिभी जडान लगायतका कामहरू सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले जानकारी दिनुभयो । मतगणनामा बस्ने उम्मेदवारका प्रतिनिधिहरूले बाहिरबाट भित्र मतगणना हेर्न मिल्ने गरी तारजाली लगाइएको सहायक मुख्य निर्वाचन अधिकृत जगतबहादुर भण्डारीले बताउनुभयो ।

**तनहुँ**

**इन्सेक प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँका दुवै निर्वाचन क्षेत्रमा मतगणनास्थल निर्माण र सुरक्षा तयारी पूरा भएको छ । क्षेत्र नं १ को मतगणना दमौलीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा र क्षेत्र नं २ को शुक्लागण्डकी नगरपालिकाको कार्यालयमा चार कोठा व्यवस्थित गरिएको छ । मतगणनास्थलमा सिसी क्यामेरा, उम्मेदवार तथा दलका प्रतिनिधिका लागि छुट्टै बस्ने व्यवस्था र तारजालीसहित गणना स्पष्ट देखिने व्यवस्था गरिएको मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश विष्णुप्रसाद उपाध्यायले जानकारी दिनुभयो । जिल्लाभर १ सय ४४ मतदान स्थल र ३ सय ११ मतदान केन्द्र तोकिएका छन्, जसमा ८ केन्द्र

अति संवेदनशील सूचीमा राखेर थप सुरक्षा मिलाइएको छ । मतपत्र, मतपेटिका र ६७ प्रकारका निर्वाचन सामग्री सुरक्षाकर्मीको निगरानीमा पुऱ्याइसकिएको प्रमुख जिल्ला अधिकारीले बताउनुभयो ।

# लुम्बिनी प्रदेश

**बर्दिया**

**इन्सेक प्रतिनिधी प्रकाश पौडेलका अनुसार** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बर्दियामा तयारी अन्तिम चरणमा पुगेको छ। मतदानस्थलमा खटिएका कर्मचारी सम्बन्धित केन्द्रमा पुगेर मतदानस्थल निर्माण, व्यवस्थापन र आवश्यक पूर्वाधार तयारीको कामलाई तीव्रता दिएका छन्। कर्मचारीहरूले दलका प्रतिनिधिसँग सर्वदलीय बैठक गरी आवश्यक समन्वयसमेत गरिरहेका छन्।

जिल्लाका अधिकांश मतदानस्थलमा मतदान कक्ष निर्माण, मतपेटिका व्यवस्थापन, प्रतीक्षालय तथा मतदाता लाइन व्यवस्थापनलगायत काम सुरु भइसकेको छ। मतदानका दिन मतदातालाई सहज र व्यवस्थित रूपमा सेवा दिन पूर्वतयारी गरिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय बर्दियाले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन सुरक्षा व्यवस्था कडा बनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी अशोक भण्डारीका अनुसार प्रचारप्रसारमा कडाइ गर्नुका साथै होटल बन्द गराइएको छ भने मदिरा बिक्री वितरणमा पनि रोक लगाइएको छ। निर्वाचनका दिन अत्यावश्यक सवारी साधन सञ्चालनका लागि पास वितरण गरिसकिएको उनले जानकारी दिए।

मतदाताको तथ्यांक अनुसार बर्दिया क्षेत्र नं. १ मा १ लाख ६८ हजार ३४ मतदाता रहेका छन्। जसमध्ये ८३ हजार ८ सय ३ पुरुष, ८४ हजार २ सय २७ महिला र चार अन्य मतदाता छन्। यस क्षेत्रमा ७५ मतदानस्थल र १ सय ९९ मतदान केन्द्र तोकिएका छन्। यहाँ २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

यस्तै, क्षेत्र नं. २ मा १ लाख ५५ हजार २ सय ३२ मतदाता रहेका छन्। जसमध्ये ७५ हजार ५ सय ८४ पुरुष, ७९ हजार ६ सय ४६ महिला र दुई अन्य मतदाता छन्। यस क्षेत्रमा पनि ७५ मतदानस्थल र १ सय ९९ मतदान केन्द्र कायम गरिएको छ। यहाँ १५ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन्।

प्रहरीले निर्वाचन बिथोल्ने गतिविधि गरेको आरोपमा मधुवन नगरपालिका-६ का ३७ वर्षीय केशरसिंह विक लावडलाई सोही क्षेत्रको सानोश्री बसपार्कबाट फागुन १९ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ। विकले गुलरिया-१ खैरापुरस्थित हुलाकी सडकमा शंकास्पद वस्तु राखेर बाटो अवरोध गर्नुका साथै निर्वाचन विरोधी क्रियाकलाप गरेको आरोप

लागेको जिल्ला प्रहरी कार्यालय बर्दियाका सूचना अधिकारी डिएसपी प्रमेश विष्टले जानकारी दिनुभयो।

**दाङ**

**इन्सेक प्रतिनिधी जयनारायण पुनका अनुसार** फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र निर्माण लगाएतका तयारी सुरु गरिएको छ । फागुन १८ गते मतपत्रसहित खटिएका कर्मचारीहरुले बुथ निर्माण, सर्वदलीय सर्वपक्षीय बैठक सम्पन्न गरेको बङलाचुली गाउपालिका - ४ खटिएका सहायक मतदान अधिकृत सुरेश शर्माले जानकारी दिनुभयो । कर्मचारीले चार किल्ला तोक्ने, हातहतियार निषेध, मदिरा निषेधलगायतका कार्य सम्पन्न गरेका छन् । साथै मतदान प्रतिनिधि नियुक्तीका लागि फाराम वितरण गरिएको छ । मौन अवधि सुरु भएसङ्गै दलहरुको प्रचार रोकिएको छ ।

**पाल्पा**

**इन्सेक प्रतिनिधी यज्ञमूर्ति तिमिल्सिनाका** अनुसार, फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सबै मतदान स्थलमा मत्रपत्र सहित मतदान कर्मचारीहरु पुगेका छन् । टोलीले फागुन १९ गते आ-आफ्नो केन्द्रमा सर्वदलीय बैठक आह्वान गरेका छन् । मतदान अधिकृत सहितको टोलीले मतदान केन्द्रको ३ सय मिटर वरपरका क्षेत्रलाई चार किल्ला तोकेका छन् । फागुन १९ गते बिहानसम्म सबै मतदान केन्द्रमा मतदान अधिकृतसहित कर्मचारी र सुरक्षाकर्मी पुगिसकेको जिल्ला निर्वाचन कार्यालय पाल्पाका प्रमुख महेश काफ्लेले बताउनुभयो ।

पाल्पामा १ सय १८ मतदानस्थल छन्  । २ सय ५१ केन्द्र रहेका छन् । मतदान अधिकृतको टोली मतदानका लागि आवश्यक मतपत्र सहित ५१ प्रकारका सामग्री लिएर कर्मचारी टोली सुरक्षासहित मतदान केन्द्र पुगेर तयारी कार्य प्रक्रिया अगाडि बढाएको काफ्लेले बताउनुभयो । मतदान कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि जिल्ला सुरक्षा समितिले फागुन १५ गतेदेखि जिल्लाभर मदिरा बेचबिखनमा रोक लगाएको प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुँवरले बताउनुभयो । पाल्पामा २ वटा निर्वाचन क्षेत्र रहेका छन् ।

**गुल्मी**

**इन्सेक प्रतिनिधी टोपलाल अर्यालका** अनुसार गुल्मीका सबै मतदान स्थलमा कर्मचारी, सुरक्षाकर्मी र स्वास्थ्यकर्मी पुगेका छन् । फागुन १८ गते अबेरसम्म जिल्लाका १ सय ४५ मतदानस्थलमै निर्वाचन सामग्रीसहितका कर्मचारी, सुरक्षाकर्मी र स्वास्थ्यकर्मी पुगेको प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले जानकारी दिनुभयो । साथै उहाँले  फागुन १९ गते सर्वदलीय बैठकहरु सकेर मतदानस्थल निर्माणको काम सुरु भएको बताउनुभयो । निर्वाचनलाई स्वच्छ र भयरहित बनाउन जिल्ला स्तरीय एकीकृत सुरक्षा योजना निर्माण गरेर कार्यान्वयन गरिएको छ । सुरक्षा संवेदनशीलताका आधारमा अति संवेदनशील ४८ संवेदनशील ५७ र सामान्य ४० रहेका छन् ।

नेपाल प्रहरीतर्फ १ हजार ६ सय ९५ र सशस्त्र प्रहरी तर्फ १ सय ७९ निर्वाचन प्रहरी छनोट भएर तालिम सञ्चालन सकेर परिचालन भएका छन् ।

जिल्लामा क्रियाशिल राजनीतिक दलबाट २० जना र स्वतन्त्र २३ जना उम्मेवारबाट मनोनयन दर्ता भएको छ । मतगणना स्थल सिसि क्यामेरासहित तयार गरिएको छ । गुल्मी क्षेत्र न १ को लागि जिल्ला जिल्ला समन्वय समितिको हल र गुल्मी क्षेत्र न २ को रेसुङ्गा बहुमुखी क्याम्पसमा मतगणना स्थल बनाएर सुरक्षाको प्रबन्ध गरिएको छ । निर्वाचनमा कुल एक हजार ७ सय ८ जना कर्मचारी तथा सहयोगी र जिल्लाभर ८ सय ४६ जना स्वयंसेवक परिचालन भएको जिल्ला निर्वाचन कार्यालय गुल्मीका निर्वाचन अधिकारी कृषि घिमिरेले जानकारी दिनुभयो ।

**अर्घाखाँची**

**इन्सेक कुल बहादुर नेपालीका अनुसार** फागुन २१ गते हुने निर्वाचनमा मतदाताहरुको अवस्था, भौगोलिक कठिनाई र संवेदनशीलता आधार सुरक्षा निकायको व्यवस्थापन गरिएको, १ सय २ मतदान स्थल र २ सय ९ मतदान केन्द्रमा सबै मतदान अधिकृत सहित कर्मचारीहरु पुगिसकेको र मतदान केन्द्र व्यवस्थापन, कर्मचारीहरु परिचालन, निर्वाचनका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेयले बताउनु भयो।

**बाँके**

**इन्सेक प्रतिनिधी धुबराज शर्माका अनुसार** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सबै मतदान स्थलमा निर्वाचन सामग्री सहित कर्मचारीहरु पुगिसकेका छन् र तारबार लगाउने तथा व्यवस्थापनको काम भइरहेको छ। राजनीतिक दलका प्रतिनिधिसँग बैठक गरी आचारसंहिताका विषयमा छलफलसमेत गरिएको छ।

त्यसैगरी नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गतको स्थलगत अनुगमनका क्रममा मतदान अधिकृत र सुरक्षाकर्मीले आवश्यक सबै सामग्री पुगेको र तयारी अन्तिम चरणमा रहेको देखियो। वडा नं. ३ को मतदान केन्द्र वडा नं. ७ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रानी तलाउमा राखिएको छ । स्थान साँघुरो हुनुका साथै शौचालय, खानेपानी र बिजुलीको अभावले सुरुवाती कठिनाइ भएको भए पनि कर्मचारी र प्रहरीले सरसफाइ व्यवस्थापन गरी सञ्चालन योग्य बनाएका छन्। मतदान अधिकृत अर्चना कुमारी खंगेले सीमित पूर्वाधारका बाबजुद मेहनतपूर्वक व्यवस्थापन गरिएको बताउनुभयो।

त्यसैगरी वडा नं. ४ को कन्या माध्यमिक विद्यालय (टिन बंगला), वडा नं. ५ को पशुपति शिक्षा मन्दिर, वडा नं. ६ को हडिया बाबा आश्रम, वडा नं. ७ को महेन्द्र माध्यमिक विद्यालय रानी तलाउ, वडा नं. ८ को महेन्द्र पार्क (ताँगा स्ट्यान्ड) लगायतका केन्द्रमा पनि राम्रो तयारी

भइरहेको पाइयो। वडा नं. १८ अन्तर्गत पटेश्वरी प्रावि भोजई गाउँ र श्री देवतादीन माध्यमिक विद्यालय, लगदहवामा समेत व्यवस्थापन कार्य अघि बढिरहेको छ।

## कर्णाली प्रदेश

### सुर्खेत

**इन्सेक कर्णाली प्रदेशका अनुसार** सुर्खेतको भेरीगंगा नगरपालिका-१० राताचौर स्थित छिन्चु-जाजरकोट सडक खण्डमा फागुन १९ गते बिहान शंकास्पद वस्तु फेला परेको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी सुधिरराज शाहीले अनुसार सडक छेउको नालामा रातो प्लाष्टिकले बेरिएको प्रेसर कुकर र नजिकै 'खतरा' लेखिएको रातो प्लाष्टिकको पोकामा वस्तु देखिएको बताउनु भयो । सूचना प्राप्त भएपछि नेपाली सेनाको टोलीले उक्त शंकास्पद वस्तु सुरक्षित रूपमा डिस्पोज गर्ने क्रममा उक्त प्रेसर कुकरभित्र गोबर र माटो राखिएको पाइएको छ । उहाँका अनुसार उक्त वस्तु निर्वाचनको समयलाई लक्षित गर्दै विरोधी तत्वहरूले त्रास फैलाउने उद्‌देश्यले राखेको हुन सक्ने आशंका गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको एसपी शाहीले बताउनु भयो ।

प्रतिनिधिसभा निर्वाचन ०८२ को पूर्वसन्ध्यामा निर्वाचनको समग्र अवस्था, सुरक्षा तयारी र शान्तिपूर्ण वातावरण सुनिश्चितताबारे सरोकारवालाहरुसँग भेटघाट गरिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नियोग र (निर्वाचन पर्यवेक्षण समिति नेपाल)का राष्ट्रिय पर्यवेक्षक गोविन्द बन्दीसहितको टोलीले फागुन १९ गते जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदिश्वर प्रसाद उपाध्यायसँग भेटघाट गरेर जिल्लाको निर्वाचन पूर्वको अवस्थाका विषयमा जानकारी लिएको हो । त्यस्तै इन्सेकले प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी जयराज सापकोटा र जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख (एसपी) सुधीरराज शाहीसँग भेटघाट गरी प्रदेशभरको निर्वाचन पूर्वको अवस्था बारे जानकारी लिएको छ । भेटका क्रममा जिल्लाको समग्र शान्ति-सुरक्षा अवस्था, मतदानस्थलको संवेदनशीलता वर्गीकरण, सुरक्षा परिचालन, मौन अवधिको पालना तथा सम्भावित चुनौतीका विषयमा छलफल भएको इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले जानकारी दिनुभयो । सुरक्षा निकायले निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन आवश्यक सुरक्षा व्यवस्था मिलाइएको जानकारी गराएको छ ।

प्रमुख जिल्ला अधिकारी उपाध्यायले निर्वाचनलाई स्वच्छ र विश्वसनीय बनाउन प्रशासन, सुरक्षा निकाय र सरोकारवाला सबै पक्ष समन्वयात्मक रूपमा अघि बढिरहेको बताउनु भयो । उहाँले मतदानस्थलमा आवश्यक जनशक्ति परिचालन, सुरक्षा संवेदनशील क्षेत्रको पहिचान तथा नियमित अनुगमन भइरहेको जानकारी दिनुभयो । एसपी शाहीले जिल्लाका सबै मतदान स्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी र नेपाली सेना परिचालन गरिएको बताउनु भयो । प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी जयराज सापकोटाले प्रदेशस्तरबाट पनि सुरक्षा रणनीति

प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको उल्लेख गर्दै कुनै अवाञ्छित गतिविधि हुन नदिन कडाइ गरिएको बताउनुभयो । उहाँले कालिकोट, जुम्ला, रुकुमपश्चिम र डोल्पामा पर्यवेक्षण गर्ने संस्थाहरुले विषेश ध्यान दिनुपर्ने बताउनु भयो ।

**जाजरकोट**

**इन्सेक प्रतिनिधि वाशुदेव शर्मा**का अनुसार फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन सामग्रीसहित सबै मतदान केन्द्रमा कर्मचारी पुगेका छन् । सात ओटा स्थानीय तह अन्तर्गत १ सय ४७ ओटा मतदान केन्द्रमा निर्वाचन सामग्री, सुरक्षाकर्मीसहित कर्मचारी पुगेको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले बताउनु भयो । जिल्लामा ८८ मतदान स्थल र १ सय ४७ मतदान केन्द्र रहेका छन् । जसमध्ये १६ अति संवेदनशिल, ७७ मतदान केन्द्र संवेदनशिल, १५ ओटा मतदान केन्द्र सामान्य रुपमा वर्गीकरण गरिएको छ । प्रतिनिधि सभा निर्वाचन सम्पन्न गराउन ४ सय ३६ स्वयंम सेवक, ८ सय ७९ कर्मचारी निर्वाचनमा खटिएका छन् ।  नेपाल प्रहरी ५ सय २८, नेपाल प्रहरी तर्फ निर्वाचन प्रहरी ८ सय ८३ गरी १ हजार १४ जना, सशस्त्र प्रहरी १ सय ८९ सशस्त्र प्रहरी तर्फ निर्वाचन प्रहरी ९६ गरी २ सय ८५ जना र ६ सय भन्दा बढी नेपाली सेना निर्वाचनमा परिचालन गरिएको छ । सबै मतदान केन्द्रमा सुरक्षा निकाय खटाइ सकिएको छ । निर्वाचनलाई शान्तिपूर्ण, भयरहित वातावरणमा सम्पन्न गराउने लक्ष्य लिएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए ।

**सल्यान**

**इन्सेक कर्णाली प्रदेश**का अनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सल्यानमा सम्पूर्ण तयारी पूरा भएको छ । जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी तथा सुरक्षाकर्मी पुगिसकेका छन् । मतदान स्थलमा पुगेर कर्मचारीहरूले सर्वदलीय बैठक आह्वान गर्दै अन्तिम तयारी अघि बढाएका छन् ।

जिल्लाका १ सय १७ मतदान स्थलअन्तर्गत २ सय ५ मतदान केन्द्रका लागि आवश्यक सम्पूर्ण निर्वाचन सामग्री सुरक्षित रूपमा पुगिसकेको मुख्य निर्वाचन अधिकृतको कार्यालय सल्यानले जनाएको छ ।

निर्वाचनका लागि जिल्लाभर ४ सय ३० जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृत खटाइएको छ । सुरक्षा व्यवस्थापनका लागि नेपाली सेनाको टोली १३ स्थानमा परिचालन गरिएको छ भने १ हजार ४ सय ६ जना म्यादी प्रहरीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी करिब १ हजार सुरक्षाकर्मी परिचालन भएका छन् । सुरक्षाकर्मीहरूले पैदल, मोटरसाइकल तथा अन्य सवारी साधनमार्फत जिल्लाभर नियमित गस्ती गरिरहेका छन् ।

जिल्लाका १ सय १७ मतदान स्थलमध्ये ४३ स्थललाई अति संवेदनशील र ५७ स्थललाई संवेदनशील सूचीमा राखिएको छ । सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले

स्थानीय प्रशासनले मतदान शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सुरक्षा प्रबन्ध मिलाइएको जानकारी दिनुभयो ।

**जुम्ला**

**इन्सेक प्रतिनिधि मानदत्त रावल**का अनुसार जिल्लाका सबै मतदान केन्द्रसम्म पुग्न सडक पुगेकाले मतदाता सामग्रीसहित कर्मचारी पुग्न सजिलो भएको छ । जिल्लाको कनकासुन्दरी-१ स्थित रिया र तिला-९ स्थित खडढुस्का मतदान केन्द्रमा मात्रै सडक पुगेको छैन । गत निर्वाचनसम्म जिल्लाका अधिकांश मतदान केन्द्रमा पैदलै पुग्नुपर्ने अवस्था थियो तर यो निर्वाचनमा सबै निर्वाचन केन्द्रमा गाडी जाने बाटो पुगेको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले बताउनु भयो । जुम्लाका १ सय १० मतदान केन्द्रमा कर्मचारी पुगिसकेका छन् । उनीहरूले निर्वाचन केन्द्र व्यवस्थापन र मतदाता व्यवस्थापनको काम सुरु गरिसकेको जिल्ला निर्वाचन अधिकारी दीपेन्द्र कँडेलले बताउनु भयो ।

**कालिकोट**

**इन्सेक प्रतिनिधि कालीबहादुर मल्ल**का अनुसार प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै प्रमुख निर्वाचन अधिकृतको कार्यालय कालीकनेटले जिल्लाका सबै मतदान केन्द्रमा आवश्यक निर्वाचन सामग्री सुरक्षित रूपमा पुऱ्याएको छ । जिल्लाका दुर्गम तथा हिमाली क्षेत्रका मतदान केन्द्रसम्म मतपेटिका, मतपत्र, छाप, मतदाता नामावली, गोप्य कक्ष निर्माण सामग्री लगायतका अत्यावश्यक सामान ढुवानी गरिसकिएको प्रमुख निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सहायक निर्वाचन अधिकृत तहसिलदार शुनिलकुमार खाँणाका अनुसार जिल्लामा रहेका १ सय २७ स्थायी र एक अस्थायी मतदान केन्द्र गरी १ सय २८ केन्द्रमा निर्वाचन सामग्री पुऱ्याइएको छ र सुरक्षा व्यवस्था समेत कडा गरिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय प्रहरी परिचालन गरी मतदान केन्द्रको सुरक्षा सुनिश्चित गरिएको छ। केही विकट बस्तीमा सामग्री ढुवानीका लागि पैदल र घोडारखच्चड प्रयोग गरिएको थियो ।

**डोल्पा**

**इन्सेक प्रतिनिधि विष्णु देवकोटा**का अनुसार डोल्पाको उत्तरी क्षेत्र उपल्लो डोल्पामा फागुन १८ गते निर्वाचन प्रचारका क्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का कार्यकर्ताबीच विवाद चर्किंदा दुई स्थानमा ढुङ्गा हानाहान भएको छ । साल्दाङ क्षेत्रमा एमालेको प्रचार टोलीले स्थानीय नेतासँग छलफल गरिरहेका बेला नेकपाका कार्यकर्ताले ढुङ्गामुढा प्रहार गरेपछि झडप भएको जिल्ला प्रहरी कार्यालय डोल्पाका डिएसपी रुकबहादुर खड्काले बताए । प्रहरीका अनुसार ढुङ्गा प्रहारबाट जोगिन भाग्ने क्रममा एमालेका केही कार्यकर्ता सामान्य घाइते भएका छन् । डिएसपी खड्काका अनुसार दुवै पक्ष प्रचारका क्रममा बाटोमा भेट हुँदा विवाद बढेर झडपमा परिणत भएको हो । घटनापछि तत्काल प्रहरी टोली परिचालन गरि स्थिति नियन्त्रण लिइएको प्रहरीले जनाएको छ ।

यसैबीच, साल्दाङ घटनाको विरोधमा फागुन १८ गते नै त्रिपुरासुन्दरी नगरपालिका-२ मद्दुबाट घरदैलो सकेर त्रिपुराकोट बगर बजारतर्फ आउँदै गरेका नेकपाका उम्मेदवार धनबहादुर बुढा र उनका कार्यकर्तालाई साँझ त्रिपुरासुन्दरी-१ रल्लीस्थित राजारानी नजिक एमाले कार्यकर्ताले अवरोध गरेपछि विवाद भएको थियो ।

नेकपाका उम्मेदवार बुढाले आफूहरूलाई चुनावी प्रचारमा अवरोध गर्न खोजिएपछि थप कार्यकर्ता परिचालन गरी प्रतिकार गरेको दाबी गरे । प्रमुख जिल्ला अधिकारी जुनु हमाल (ढकाल) ले साल्दाङमा भएको विवादपछि सुरक्षाकर्मी परिचालन गरी अवस्थालाई सामान्य बनाइएको बताइन् ।

जिल्लाका ६८ स्थायी र २ अस्थायी गरी ७० मतदान केन्द्रमा निर्वाचन सामग्री, कर्मचारी र सुरक्षाकर्मी पुगेको जिल्ला प्रशासन कार्यालय डोल्पाले जानकारी दिएको छ ।

भौगोलिक विकटता, सडक सञ्जालको पहुँच बाहिर रहेका जिल्लाको उत्तरी क्षेत्रमा पर्ने डोल्पो बुद्ध, छार्का ताङ्सोङ र शे- फोक्सुण्डो गाउँपालिकाका २३ मतदान केन्द्रमा चार दिनदेखि दुई हेलिकप्टर प्रयोग गरेर निर्वाचन सामग्री पुर्याइएको प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले बताउनु भयो ।

जिल्लाका अन्य मतदान केन्द्रमा फागुन १८ गते दिउँसो सम्म निर्वाचन सामग्री पुगेपनि शे-फोक्सुण्डो गाउँपालिकाका साल्दाङ, कराङ र धुङ्दार मतदान केन्द्रमा फागुन १९ गते बिहान मात्र निर्वाचन सामग्री पुर्याइएको प्रजीअ ढकालले बताउनु भयो ।

**रुकुमपश्चिम**

**इन्सेक प्रतिनिधि जीवन खड्का**का अनुसार जिल्लाको मुसिकोट नगरपालिकामा नेपाली कम्युनिष्ट पार्टीले चुनाव चिन्ह तारा अंकित झण्डा फर्फराउदै फागुन १९ गते गाडीमा मान्छेहरु ओसारिरहेको छ । मौन अवधी सुरु भइसकेपछि पनि यस्तो गतिविधिलाई स्थानीयहरुले चासोका साथ हेरिरहेका छन् । त्यस्तै मतदान केन्द्रमा सर्वदलीय बैठकहरु सम्पन्न गरिएका छन् ।

## सुदूरपश्चिम प्रदेश

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशका नौ ओटै जिल्लामा सम्पूर्ण तयारी पूरा भएको छ । प्रदेश निर्वाचन कार्यालय, कैलालीका प्रमुख प्रेमराज भट्टले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको र फागनु १८ गतेदेखि नै सुरक्षाकर्मी तथा कर्मचारीहरू मतदानस्थलमा खटाइसकिएको बताउनु भएको छ ।

मतदानस्थलमा पुगेका मतदान अधिकृतको टोलीले फागनु १८ गतेदेखि नै निर्वाचनसम्बन्धी सूचना टाँस गर्ने, मतदान स्थलको छनोट गर्ने लगायतका कार्य शुरु गरिसकेको उहाँले बताउनु भयो । १६ ओटा निर्वाचन क्षेत्र रहेको यस प्रदेशमा १ हजार १ सय ७६ मतदानस्थल र २ हजार

१ सय ९९ मतदान केन्द्र रहेका छन् । यस प्रदेशका १६ ओटा निर्वाचन क्षेत्रमा १७ लाख १६ हजार ६ सय ६० मतदाता रहेका छन् । इन्सेकका पर्यवेक्षक तथा इन्सेक स्रोत व्यक्तिहरुले जिल्लामा निर्वाचन पूर्वको अवस्थाको अनुगमन गरी पठाउनुभएको सूचनाहरु यस प्रकार छन् ।

**कञ्चनपुर**

**इन्सेक प्रतिनिधि लिली कुँवर**का अनुसार आसन्न फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय, कञ्चनपुरले जनाएको छ ।

मुख्य निर्वाचन अधिकृत राजेन्द्रसिंह भण्डारीले कर्मचारीहरू मतदान सामग्री सहित मतदान स्थलहरूमा पुगिसकेको  बताउनु भयो । उहाँले भन्नुभयो, 'जिल्लाका तीनै निर्वाचन अधिकृतका कार्यालयबाट मतदान अधिकृत सहित कर्मचारीले सामग्री बुझेर जानुभएको छ ।' तीनै निर्वाचन क्षेत्रमा रहेका दुई अस्थायीसहित ३ सय ६२ मतदान केन्द्रमा खटिने ७ सय २४ मतदान अधिकृतलाई अभिमुखिकरण एवम् तालिम प्रदान गरिएको छ । जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका एसपी खडकबहादुर खत्रीले निर्वाचन लक्षित गरेर सुरक्षा गस्ती लगायत आवश्यक सबै तयारी पूरा भएको बताउनु भयो । एकीकृत निर्वाचन सुरक्षा रणनीति अनुरुप चारै सुरक्षा निकाय सबै निर्वाचन क्षेत्र, निर्वाचन स्थलदेखिका आवश्यक सबै स्थानमा खटिएको उहाँले बताउनु भयो ।

प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा व्यवस्था मिलाइएको र निर्वाचनमा खटिने कर्मचारीले आयोगले तोके अनुरुप जिम्मेबारी निर्वाह गर्न निर्देशन दिइएको बताउनु भयो । जिल्लामा १ तेस्रोलिङ्गीसहित १ लाख ६० हजार ३ सय १६ महिला र १ लाख ५४ हजार ६८ पुरुष मतदाता रहेका छन् ।

**बझाङ**

**इन्सेक प्रतिनिधि सत्यराज सिंह**का अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि जिल्लाका १ सय ८३ ओटै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी र सुरक्षाकर्मी खटाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृत सुवर्णमान बनेपालीका अनुसार जिल्लाका १ सय ८९ मतदान केन्द्र र १ सय ३७ मतदानस्थलमा आवश्यक तयारी अन्तिम चरणमा पुगेको छ । जिल्लामा दुई ओटा अस्थायी मतदान केन्द्रसमेत स्थापना गरिएको छ ।

निर्वाचन कार्यालयले दुर्गम भूगोललाई ध्यानमा राख्दै चरणबद्ध रूपमा सामग्री र जनशक्ति परिचालन गरेको जनाएको छ । हिमाली क्षेत्र पर्ने साइपाल गाउँपालिकाका तीन मतदानस्थलमा फागुन १६ गते र दुई मतदानस्थलमा फागनु १७ गते नै मतदान सामग्रीसहित कर्मचारी खटाइएको बनेपालीले बताउनु भयो । अन्य स्थानीय तहका मतदान केन्द्रमा फागनु १९ गते निर्वाचन सामग्री र जनशक्ति पठाइएको छ । सदरमुकाम नजिक रहेको जयपृथ्वी नगरपालिकाका ६ मतदान केन्द्रमा भने फागुन २० गते सामग्री र कर्मचारी पठाइने तयारी गरिएको छ । उहाँले

भन्नुभयो, 'दुर्गम क्षेत्रमा समयमै सामग्री पुगोस् भनेर प्राथमिकता दिएका छौं । सबै केन्द्रमा शान्तिपूर्ण र निष्पक्ष मतदानका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ ।'

निर्वाचनका लागि खटिएका कर्मचारीलाई सम्बन्धित केन्द्रमा पुगेर मतदान पूर्व तयारी पूरा गर्न निर्देशन दिइएको छ । जिल्ला सुरक्षा समितिले पनि मतदानलाई शान्तिपूर्ण बनाउन सुरक्षा रणनीति लागू गरेको जनाएको छ । मौसम र भूगोलका चुनौतीबीच पनि तोकिएकै मितिमा मतदान सम्पन्न गराउने लक्ष्यका साथ सम्पूर्ण संयन्त्र परिचालन गरिएको निर्वाचन कार्यालय, बझाङले जानकारी दिएको छ ।

## निष्कर्ष

२०८२ फागुन १८ गते राति १२ बजेबाट लागू भएको मौन अवधिले लोकतान्त्रिक अभ्यासको एउटा महत्वपूर्ण घटना स्वरूप काम गर्दैछ। यस अवधिमा लागू भएका कडा प्रतिबन्ध, व्यवहार परिवर्तन, नागरिक सचेतना र प्रशासनिक जागरणले मतदाता स्वतन्त्रता, निष्पक्ष निर्णय र शान्त मतदानको वातावरणलाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

मौन अवधि लोकतन्त्रको अभ्यास, मतदाता स्वतन्त्रता र निर्वाचनको निष्पक्षताको प्रत्यक्ष परीक्षा हो। यसको पालना गर्नु सम्पूर्ण नागरिक र राजनीतिक दलहरूको साझा जिम्मेवारी हो । यदि सबै पक्षले यसमा संयम र जिम्मेवारी देखाए, भने मतदान प्रक्रिया शान्तिपूर्ण, निष्पक्ष र पारदर्शी हुने निश्चित छ ।